आज मिति २०७६ साल जेठ १४ गतेका दिन यस मकवानपुरगढी गाउँ पालिकाको अध्यक्ष श्री विदुर हुमागाईं ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक देहायको पदाधिकारी ज्यूहरुको उपस्थितिमा बसी देहायको निर्णयहरु गर्‍यो।

उपस्थिति

श्री विदुर हुमागाईं - अध्यक्ष

श्री हर्कमाया लम्बा - उपाध्यक्ष

श्री आइते सिं लो - १ नं वडा अध्यक्ष

श्री बलान सिं पाख्रिन - २ नं वडा अध्यक्ष

श्री भागवत घिमिरे - ३ नं वडा अध्यक्ष

श्री राम प्रसाद तिमल्सीना - ४ नं वडा अध्यक्ष

श्री जित बहादुर घिमिरे - ५ नं वडा अध्यक्ष

श्री टिका प्रसाद दाहाल - ६ नं वडा अध्यक्ष

श्री सुर्य बहादुर लम्बा - ७ नं वडा अध्यक्ष

श्री कुमार सिं घिसिङ - ८ नं " "

श्री सुरेन्द्र सुनार - का.पा. सदस्य

श्री चिनीमायाँ रुम्बा " "

श्री बुद्धिमाया योञ्जन " "

श्री पातली माया गोले " "

श्री मञ्जु योञ्जन " "

निमन्त्रित श्री निर्मला विश्वकर्मा - का.पा. सदस्य

श्री शिव बहादुर परियार - प्र.प्र.अ.

मकवानपुरगढी गाउपालिका

गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

कार्यपालिका वैठकका प्रस्तावहरु

**मिति : २०७६।२।१४**

१. रोजगारको हक संरक्षण सम्वन्धि गाउपालिका स्तरिय निर्देशक समिति गठन सम्वन्धमा ।

२. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना कार्यान्वयन सम्वन्धमा ।

३. आर्थिक सहायता सम्वनधमा ।

४. आगामी आर्थिक वर्षको लागि वडागत बजेट सिलिङ तथा मार्गदर्शन सम्वन्धमा ।

५. भैपरी आउने पुजीगत खर्च सम्वन्धमा ।

६. स्टील ट्रस(वेली व्रिज) माग गर्ने सम्वन्धमा ।

७. शिवम सिमेन्ट उद्योगले कार्यान्वयन गर्ने कार्यक्रम तथा बजेटको बाडफाड सम्वन्धमा ।

८. उर्जा शिर्षकको शशर्त बजेट कार्यान्वयन सम्वन्धमा ।

९. गणतन्त्र दिवस मनाउने सम्वन्धमा ।

प्रमाणित

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल नेपाल सरकार श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णय अनुसार मकवानपुरगढी गाउपालिकाले संचालन गरिरहेको सेवा केन्द्रद्वारा हुने गतिविधिलार्य आवश्यक समन्वय र सहयोग तथा सुपरीवेक्षण समेतको लागि रोजगारीको हक सम्वन्धि ऐन, २०७५ रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को व्यवस्था बमोजिम एक स्थानीय निर्देशक समिति गठन गर्न सकिने कानुनी प्रावधान बमोजिम देहयको एक स्थानीय निर्देशक समिति गठन गरियो ।

**स्थानीय निर्देशक समिति**

क) श्री विदुर हुमागाई -अध्यक्ष

ख) श्री हर्कमाया रुम्वा,उपाध्यक्ष -सदस्य

ग) श्री वखान सिं पाखिन,२ नं वडा अध्यक्ष -सदस्य

घ) श्री राम प्रसाद तिमल्सीना, ४ नं वडा अध्यक्ष-सदस्य

ङ) श्री भिम वहादुर परियार,प्रमुख प्रशासकीय अधिकृत -सदस्य -सचिव

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट चालु आर्थिक वर्षका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक योजना संचालनको लागि प्राप्त २१ लाख रुपैयावाट, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना(संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ९ बमोजिम देहाय बमोजिम हुने गरि निर्देशक समिति मार्फत आयोजना छनौट गरि कार्यपालिकाले स्वीकृत गरि कार्यान्वयन गर्ने निर्ण गरियो ।

**आयोजनाको प्रकार**

१) सडक निर्माण तथा मर्मत
२) कृषि तथा सिंचाई
३) ग्रामीण खानेपानी
४) स्वास्थ्य तथा सरसफाई
५) शिक्षा
च) वन तथा जलाधार
छ) पर्यटन
ज) अन्य स्थानीय तहको आवश्यकता अनुसार

प्रमाणित

Scanned with CamScanner

## निर्णय न. ३

प्रस्ताव न. ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत बजेटको सिमाभित्र रही देहायको व्यक्ति तथा नियकालाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | खर्च शिर्षक | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|
| १ | रेमन थिङ, वडा नं ५ (ल्वाड क्यान्सर पिडित) | असाय संग गाउपालिका अध्यक्ष कार्यक्रम | २५,०००।- |
| २ | अम्बिका थापा मगर वडा नं २ | असाय संग गाउपालिका अध्यक्ष कार्यक्रम( यस अघिको खर्चलाई स्वीकृत गर्ने) | ४५,०००।- |
| ३ | मान वहादुर भोम्जन,वडा न. १,भिरबाट लडी घाइते | असाय संग गाउपालिका अध्यक्ष कार्यक्रम | २५,०००।- |
| ४ | श्री महिला आवाज बचत तथा ऋण सहकारी संस्था( पाठेघर जाँच शिविर संचालन) | सहकारी अनुगमन तथा प्रवर्द्धन कार्यक्रम | २०,०००।- |

## निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउपालिकाको आगामी आर्थिक वर्ष २०७६।०७७ को लागि मिति २०७।२।९ गते श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले तय गरेका बजेट सिलिङ तथा मार्ग दिर्नेशन देहाय अनुसार स्वीकृत गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्रसं | बजेट सिलिङ | वडा कार्यालय | कैफियत |
|---|---|---|---|
| १ | ७० लाख | सवै (१ देखि ८ सम्म) | प्रत्येक वडा कार्यालयको लागि । |

**योजना छनौटको मापदण्ड तथा मर्गनिर्देशन**

१. योजना छनौट गर्दा प्राप्त सिलिङलाई आधार मानि प्रत्येक योजनामा रु. १ लाख भन्दा सानो योजना छनौट नगर्ने ।

२. प्राप्त सिलिङको परिधि भित्र रही प्रत्येक वडाले रु. १० लाख देखि १५ लाख सम्मको १ वटा योजना अनिवार्य रुपमा छनौट गर्नु पर्ने ।

३. सम्भव भए सम्म सवै विषयगत क्षेत्र(आर्थिक,पुर्वाधार,सामाजिक,वनवातावरण तथा सार्वजनिक सेवा प्रवाह) समेटिने गरि योजना छनौट गर्न सकिने ।

४. जनसहभागीताको अभिवृद्धि गर्ने, रोजगारी सिर्जना हुने तथा पुराना अधुरा तथा क्रमागत योजनालाई उच्च प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने ।

५. सडक सम्वन्धी योजना छनौट गर्दा दिगो र भरपर्दो निर्माण कार्य गर्ने खालका योजना छनौटलाई प्राथमिकता दिने । सरफेस ड्रेसिङ तथा गोरेटो निर्माण सम्वन्धि योजना छनौट नगर्ने ।

६. प्रत्येक वस्ती बाट वडा कार्यालय सम्म आउने तथा नया ट्रयाक खोल्ने खालका योजनाहरुलाई उच्च प्राथमिकता दिने ।

७. योजना कार्यान्वयन गर्दा स्थानीय स्तरमा विवाद उत्पन्न हुने तथा सामुदायिक वन तथा वन संग सम्वन्धित निकायमा समन्वय गरेर काम गर्नु पर्ने योजना छनौट गर्दा सम्वन्धित निकाय संग प्रयाप्त छलफल पछि मात्र बजेट विनियोजन गर्ने ।

८. गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा सम्पन्न भएका बाटोहरुको स्तर उन्नती तथा दिगोपनाको लागि बजेट विनियोजनमा उच्च प्राथमिकता दिने ।

९. स्थानीय वडा कार्यालको भौतिक अवस्थाको स्तरउन्नती, सुचना प्रविधिको विकास र स्थानीय स्वास्थ्य संस्थाहरुको स्तरउन्नतीको लागि बजेट विनियोजनमा उच्च प्राथमिकता दिने ।

Scanned with CamScanner

१०. स्थानीय लक्षित वर्गको आयआर्जन कार्यक्रम तथा आय वृद्धि गर्ने खालका कार्यक्रममा बजेट विनियोजन गर्ने ।
११. प्राप्त सिलिङको परिधि भित्र रही वर्षात पछिको सडक मर्मत संभारमा आवश्यकता अनुसार रु. २ लाख देखि ३ लाख सम्म बजेट विनियोजन गर्ने ,।
१२.अन्य निकायबाट संचालित योजनामा दोहोरोपना नहुने गरि योजनाको छनौट गर्ने ।
१३. प्राप्त बजेटको सिलिङबाट सम्पन्न हुन नसक्ने योजनाहरुको हकमा गाउपालिका,प्रदेश सरकार र संघिय सरकार समक्ष पेश गर्ने गरि छनौट गर्ने ।
१३ गरिबि निवारण,कृषि उत्पादन,बजारीकरण,पकेट क्षेत्र निर्माण तथा सहकारी संस्थाहरुको साझेदारीमा संचालन हुन सक्ने कार्यक्रम तथा योजना छनौट लाई उच्च प्राथमिकता दिने ।
१४. प्राप्त बजेट सिलिङ(७० लाख) भन्दा बाहेक आगामी आर्थिक वर्षको लागि देहायको शिर्षकमा समेत वडा गत रुपा बजेट विनियोजन हुने जानकारीको लागि अनुरोध गरिन्छ ।

| क्र.सं. | बजेट शिर्षक | सिलिङ रकम रु | खच शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुजीगत खर्च ( वडागत) | १ लाख | बाटो मर्मत ,खानेपानी,मर्मत सम्भार लगायत अन्य भैपरी आउने पुजीगत खर्च | सम्बन्धित वडाले आफ्नो खर्च शिर्षक भित्र रही खर्च गर्ने गरि गाउपालिकामा सिफारिस गर्न सक्ने । |
| २ | चालु खर्च | ५० हजार | भैपरि आउने चालु प्रकृतिका खर्च तथा रु. ५ हजार सम्मको आर्थिक सहायता | सम्वन्धित वडाले आफ्नो खर्च शिर्षक भित्र रही गाउपालिकामा सिफारिस गर्न सक्ने । |

नोट : प्राप्त सिलिङ अनुसार मिति २०७६ जेठ २० गते देखि २५ गते सम्म वस्ती स्तरको भेला सम्पन्न गरि प्राप्त योजनाहरुलाई वडा समितिबाट निर्णय गरि मिति २०७६ जेठ २८ गते भित्र गाउपालिकामा पेश गर्नु पर्नेछ ।

## निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आर्थिक वर्षकोलागि वडा नं ५ को विभिन्न स्थानमा हयुम पाइप राख्न अति आवश्यक भएकोले उक्त स्थानमा राखिएको देहाय बमोजिमको खर्च लाई भैपरी आउने पुजीगत खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**१. हयुम पाइप खरिद तथा जडान -२१३७८४।१७**

## निर्णय नं ६

प्रस्ताव न. ६ माथि छलफल गर्दा गाउपालिका केन्द्र तथा वडा नं ५,६,७ र ८ नं वडा जोड्नको लागि कुनै पनि पक्कि पुल हाल सम्म निर्माण नभएकोले वडा नं ६ र ३ लाई जोड्ने सामरी खोलाको सवै भन्दा कम दुरी रहेको स्थान देवीडाडाको फेदीमा राख्नको लागि डिभिजन सडक कार्यालय मातहत रहेको स्टील ट्रस्ट(वेली ब्रिज) उपलब्ध गराउन माग गर्ने र सो स्टील ट्रस राख्न तथा आवश्यक नपुग सामन खरिदको लागि गाउपालिकाले वजेटको व्यवस्थापन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## निर्णय न. ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि शिवम सिमेन्ट उद्योग र यस कार्यालय बिच पटक पटक भएको सहमती अनुसार यस गाउपालिकाको देहायको वडाहरुमा देहायको काम गर्ने गरि वडागत रुपमा बाडफाँड भएकोले कार्यान्वयनको लागि शिवम सिमेन्ट उद्योग लि. लाई निर्णय सहित पत्राचार गर्ने निर्णय गरियो ।

### १. मोटरबाटो निर्माणको लागि मेसिन परिचालन

| क्र.सं. | योजना तथा कामको विवरण | सयमावधि | वडा नं |
|---|---|---|---|
| १ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १५० घण्टा | वडा न. १ |
| २ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १०० घण्टा | वडा न. २ |
| ३ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १००घण्टा | वडा न. ३ |
| ४ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १००घण्टा | वडा न. ४ |
| ५ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १००घण्टा | वडा न. ६ |
| ६ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १०० घण्टा | वडा न. ७ |
| ७ | मोटरबाटो निर्माणको लागि मेशिन परिचालन | १५० घण्टा | वडा न. ८ |
| | जम्मा | ८०० घण्टा | |

### २.वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण

| क्र.सं. | योजना तथा कामको विवरण | परिमाण | वडा नं |
|---|---|---|---|
| १ | वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण | ५० मिटर | वडा न. २ |
| २ | वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण | ४० मिटर | वडा न. ३ |
| ३ | वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण | २५ मिटर | वडा न. ५ |
| ४ | वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण | ७० मिटर | वडा न. ६ |
| ५ | वस्ति संरक्षणको लागि कंक्रिट ड्याम निर्माण | ६५ मिटर | वडा न. ७ |
| | जम्मा | २५० मिटर | |

### ३.ग्यावीन जाली

| क्र.सं. | योजना तथा कामको विवरण | परिमाण | वडा नं |
|---|---|---|---|
| १ | ग्याविन जाली | ५०० घ. मिटर | वडा न. २ |
| २ | ग्याविन जाली | ५०० घ. मिटर | वडा न. ३ |
| ३ | ग्याविन जाली | ५०० घ. मिटर | वडा न. ६ |
| ४ | ग्याविन जाली | ७५० घ. मिटर | वडा न. ७ |
| ५ | ग्याविन जाली | ७५० घ. मिटर | वडा न. ८ |
| | जम्मा | २५० मिटर | |

### ४. थप योजना

| क्र.सं. | योजना तथा कामको विवरण | बजेट | वडा नं |
|---|---|---|---|
| १ | अन्नपानी-आपटार-रानिसेरा सडक ग्राभेलिङ | १० लाख | वडा न. १ |
| २ | सामुदायिक भवन निर्माण | १५ लाख | वडा न. २ |
| ३ | स्ल्याव ढलान योजना | १५ लाख | वडा न. ३ |
| ४ | सामुदायिक भवन निर्माण | १० लाख | वडा न. ४ |
| ५ | ह्युम पाइप खरिद | ५ लाख | वडा न. ५ |
| ६ | वस्ति संरक्षण | १५ लाख | वडा न. ६ |
| ७ | वस्ति संरक्षण | १५ लाख | वडा न. ७ |

Scanned with CamScanner

| ८ | वडा नं ८ को अपुरो भवन निर्माण | १५लाख | वडा न. ८ |
|---|---|---|---|
| | जम्मा | १ करोड | |

**निर्णय नं ८**

प्रस्ताव न. ७ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको लागि चालु आर्थिक वर्षको लागि शशर्त शिर्षक अन्तरगत( उर्जा शिर्षकमा) प्राप्त देहायको बजेट लाई देहाय अनुसार शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | शशर्तको साविक शिर्षक | विनियोजित बजेट | हाल कार्यान्वयन हुने बजेट शिर्षक | कुल बजेट |
|---|---|---|---|---|
| १ | उर्जाको उत्पादन मुलक परिप्रयोग | ५०,०००।- | उर्जाको उत्पादन मुलक परिप्रयोग श्री भानु माविको लागि ICT कक्षा संचालन सौर्य उर्जा जडान । | २,१४,०००।- |
| २ | बायोग्यास जडान | ८४,०००।- | | |
| ३ | सुधारिएको चुल्हो( बायोग्यास प्रविधि जडान) | ८०,०००।- | | |

**निर्णय नं ८**

प्रस्ताव न. ८ माथि छलफल गर्दा २०७६साल जेठ १५ गतेका दिन देहायको कार्यक्रम संचालन गरि गणतन्त्र दिवस, २०७६ भव्यताका साथ मनाउने निर्णय गरियो ।

कार्यक्रम-

१. जेष्ठ १४ गते राष्टपति रनिङ शिल्ड छनौट प्रतियोगिता
२. जेष्ठ १५ गते प्रत्येक वडा कार्यालय र गाउपालिका परिसर सरसफाई तथा साझपख दिपावली गरि मनाउने ।

Scanned with CamScanner